# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
इमेल: devchulimunicipality@gmail.com


प.स.: २०८०/०८१

च.न.:

मिति : २०८०/०४/०३

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी सूचना ।

सामाजिक सुरक्षा नियमावली २०७६ (दोस्रो संसोधन) को नियम (९) को उपनियम (१) बमोजिम स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा **यस आ.व. २०८०/०८१ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न मिति २०८० श्रावण १ गतेदेखि भाद्र मसान्तसम्ममा** आ-आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा नवीकरणका लागि **आवश्यक कागजात सहित लाभग्राही स्वयं अनिवार्य उपस्थित भई** परिचयपत्र नवीकरण गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधिभित्र परिचयपत्र नवीकरण नगरेमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम **प्रणालीबाट स्वतः लगत कट्टा हुने एवम् सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नसकिने** र लगत कट्टा भएका व्यक्तिहरुले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनुपर्ने व्यवस्था रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

- सामाजिक सुरक्षा भत्ताको सक्कल परिचयपत्र,
- लाभग्राहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- बालबालिकाको हकमा अनलाईन जन्मदर्ता (१३ अंकको दर्ता नं.) को प्रतिलिपी,
- अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- बसाईसराई दर्ताको प्रतिलिपी, (नागरिकता प्रमाणपत्रको स्थायी ठेगाना हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको ठेगाना भन्दा फरक परेको हकमा मात्र)
- लाभग्राहीको तीनपुस्ते विवरण (बाबुआमा र बाजे) खुल्ने प्रमाणपत्रको प्रतिलिपी,
- लाभग्राहीको बैंक खाताको विवरण तथा नीज लाभग्राही वा संरक्षकको सम्पर्क नम्बर,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह भएको खुल्ने प्रमाण,
- सम्बन्ध विच्छेद तथा न्यायिक पृथकीकरण गरेका महिलाहरुको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्र/न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह भएको खुल्ने प्रमाण,
- विवाह नगरी बसेकी एकल महिलाको हकमा विवाह नगरेको प्रमाण

..............................

(मोहन प्रसाद मरासिनी)

प्रमुख प्रशासकीय अधिकृत